# नीति पत्र (Policy Brief)

अङ्क २, कात्तिक २०६६



मार्टिन चौतारी
www.martinchautari.org.np


# सुस्त गतिमा संविधान लेखन प्रक्रिया

**सुझावहरू**

१. राजनीतिक दलहरूबीच विगतमा भएका सम्झौताहरूमा उल्लिखित सहमति र सहकार्यका विषयमा सबै दलहरू प्रतिबद्ध हुनु पर्दछ ।

२. राजनीतिक दलहरूबीचको अविश्वास घटाउन, अर्थपूर्ण सहमति र विश्वासको वातावरण पुन:निर्माण गर्न सार्थक पहल गर्नु पर्दछ ।

३. सम्पूर्ण राजनीतिक दलका नेताहरू तथा संविधान सभा सदस्यहरूले सार्वजनिक वृत्तबाट आएका सार्थक सुझाव, सरसल्लाह तथा बहसहरूप्रति साझा प्रतिबद्धता जनाउनु पर्दछ । यसका साथै, नागरिकसँगको परामर्शबाट प्राप्त मुद्दाहरूको साझा निष्कर्ष निकाल्ने कार्यप्रति पनि प्रतिबद्धता व्यक्त गर्नु पर्दछ । यी मुद्दा तथा सरोकारहरू कुन रूपमा र कुन आधारमा संविधान सभामा सम्बोधन गरियो वा गरिएन भनेर स्पष्टसमेत पार्नु पर्दछ ।

४. संविधान निर्माण प्रक्रियालाई सघाउन संवैधानिक मामिलासम्बन्धी विज्ञहरूको एउटा स्वतन्त्र र निष्पक्ष समिति गठन गर्नु पर्दछ ।

५. प्रादेशिक एकाईहरूलाई उनीहरूको क्षमताअनुसार क्रमश: शक्ति हस्तान्तरणका लागि व्यवहारिक समयसीमा छलफल गरी तय गरिनु पर्दछ ताकि उरालिएका आकाङ्क्षाहरूको समष्टिगत व्यवस्थापन गर्न सकियोस् । संविधान कार्यान्वयनमा सघाउनका लागि एउटा विज्ञ समूह गठन गरिनु पर्दछ जसले भैरहेका र नयाँ सरकारका विभिन्न विभागहरूसित समन्वय गरिकन क्षमता अभिवृद्धि गर्ने, आवश्यक नियम-विनियमको तर्जुमा गर्ने र नयाँ वित्तीय संरचना तयार गर्नेछ ।

६. समावेशी र प्रभावकारी परामर्शको प्रक्रियाका सहयोगी राष्ट्रिय र अन्तर्राष्ट्रिय समूहहरूको भूमिका संयोजन गर्नु पर्दछ । यसबाट एकअर्काका कामहरू दोहोरिन पाउँदैनन् र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहुँच बढाउन पनि मद्दत पुग्छ । तटस्थता, जुझारुपन र व्यवसायिकतालाई सुनिश्चित गर्न प्रभावकारी संयन्त्रहरूको निर्माण गर्नु पर्दछ ।

७. समयसीमा र समयतालिकाअनुरूप काम सम्पन्न गर्नेतर्फ सबै प्रयासहरू केन्द्रित हुनु पर्दछ । तर, यसो गर्दा अर्थपूर्ण बहस र सहभागितालाई बेवास्ता गर्नु हुँदैन ।

## परिचय

११ जेठ २०६६ मा संविधान सभाको पहिलो बैठकको एक वर्ष पुग्दै गर्दा राष्ट्रिय हितको संरक्षण समितिले संविधान सभाको मूल बैठकमा पेश गरेको अवधारणा पत्रको मस्यौदासँगै संविधान लेखन प्रक्रिया ठोस रूपमा शुरु भयो । तर, गति सुस्त र प्राप्ति सीमित छः ११ समिति गठन गरिएकामध्ये पाँचले अझै आफ्ना अवधारणा पत्रको मस्यौदा तयार गर्न सकेका छैनन् । यिनमा नयाँ नेपालको आधारभूत जग निर्माण गर्ने ठानिएका महत्त्वपूर्ण संवैधानिक समितिका साथै मौलिक अधिकार र निर्देशक सिद्धान्त समिति; राज्य पुनःसंरचना र राज्यशक्ति बाँडफाँड समिति; राज्यको शासकीय स्वरूप निर्धारण समितिसमेत छन् । राज्यको प्रस्तावित संरचना प्रस्ट नहुँदा “पूर्ण” भनी बुझाइएका मस्यौदा पत्र पनि अधुरा-अपूरा देखिन्छन् ।

एकीकृत नेपाल कम्युनिष्ट पार्टी-माओवादी (एनेकपा-माओवादी) को नेतृत्वको सरकार सत्ताबाट बाहिरिनु र नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) का माधवकुमार नेपालको नेतृत्वमा नयाँ संयुक्त सरकार निर्माण हुनुले मुलुक सहमति र सहकार्यबाट मुठभेडको राजनीतितर्फ लागेको प्रतीत हुन्छ । र, यसको प्रतिविम्व संविधान लेखन प्रक्रियामा पनि देखापरेको छ । विषयगत समितिका मस्यौदा पत्रहरूमा पेश गरिएका फरक-मत र अझ केहीमा मत विभाजनबाट समेत निर्णयमा पुग्नुले ध्रुवीकृत राजनीति र विशेषगरी एनेकपा-माओवादी र अन्य दुई ठूला दल नेपाली काङ्ग्रेस (नेका) तथा नेकपा-एमालेबीचको विद्वेषलाई उजागर गर्छन् ।[1] आधारभूत तहमा हेर्दा भविष्यको नेपालको रूपरेखा कोर्ने दुई पृथक परिकल्पना अघि सारिएको पाइन्छ । एउटा संसदीय लोकतन्त्रमा आधारित व्यवस्था जसलाई नेका र नेकपा-एमालेले पक्षपोषण गरिरहेका छन् भने अर्को समाजवादी या कम्युनिष्ट मोडलमा आधारित व्यवस्था जसलाई एनेकपा-माओवादीले अघि सारेको छ । यसरी भविष्यको नेपालको स्वरूप कस्तो हुने भन्नेमा दलहरूबीच सम्मति त छैन नै, स्वयं दलहरूमा देखिएको आन्तरिक खिचातानी र मनोमालिन्यको अवस्था अनि दलको नेतृत्व आफ्नो कब्जामा राख्नमै नेताहरूले धेरै समय खर्चनु परेकाले स्थिति थप जटिल हुन पुगेको छ ।

यसैबीच, २४ भदौ २०६६ मा संविधान सभा कार्यव्यवस्था परामर्श समितिले संविधान लेखनको कार्यतालिकामा छैठौं संशोधन अगाडि सार्‍यो । नयाँ तालिकाअनुसार मस्यौदा अवधारणा पत्र बुझाउन बाँकी समितिहरूले कार्तिक मसान्तसम्ममा सो पेश गरेर छलफलसमेत गरिसक्नुपर्नेछ । उल्लेखनीय छ, २ साउन २०६६ मा कार्यतालिकामा गरिएको पाँचौं संशोधनले नागरिकहरूबाट रायसल्लाह लिने, अभिमत सङ्कलन गर्ने समयावधिलाई दुईबाट एक महिनामा खुम्च्याएको थियो । छैठौं संशोधनमा यो अवधि (एक महिना) लाई साबिकै राखे पनि आउँदा दिनमा यस्तै रहिरहला भन्न कठिन छ । पछिल्लो कार्यतालिकाअनुसार संविधानको मस्यौदा संविधान सभामा छलफल गरेर नेपाल गजेटमा प्रकाशन गर्ने र तत्पश्चात् एक महिना (१६ पुसदेखि १५ माघ २०६६) लगाएर नागरिक अभिमत सङ्कलन गर्ने योजना छ ।

मस्यौदा अवधारणा पत्र बुझाउन बाँकी पाँच समितिले तिहारको विदालगत्तै संविधान सभाको मूल बैठकमा मस्यौदा पेश गर्नेछन् भनेर मान्दा पनि प्रत्येक पत्रमा छलफलका लागि पाँच दिन आवश्यक पर्ने भएकाले पछिल्लो पटक परिमार्जित कार्यतालिका पनि पालन हुने छाँटकाँट देखिँदैन ।[2] यो यसकारण पनि कि बुझाउन बाँकी पाँच मस्यौदामा सबैभन्दा विवादित मुद्दाहरू थाती छन् । र, राजनीतिक नेतृत्वको उच्च तहमा सहमति नभै मूल मुद्दाहरूको छिनोफानो हुन सक्दैन ।

संविधान निर्माणको समयसीमा १४ जेठ २०६७ नजिकिँदै गर्दा तोकिएकै समयमा संविधान लेखिएला भन्नेमा संशय उत्पन्न भएको छ । समयमा संविधान निर्माण नहुँदा उत्पन्न हुने परिस्थिति, समयसीमा बढाउँदा त्यसले पार्ने दूरगामी असर, र संविधान लागू हुने बित्तिकैको अवस्थाबारे निकै संवेदनशील भएर सोच्न जरुरी छः विशेषगरी पुरानोबाट नयाँ व्यवस्थामा जाँदा शासनव्यवस्थामा आउनसक्ने शून्यता, सन्धिकालीन संरचनाहरू, शक्ति हस्तान्तरणको तालिका, उर्लिएका आकाङ्क्षाहरूको समष्टिगत व्यवस्थापन जस्ता विषयहरूमा निकै सोचीविचारी तयारी गर्नु अत्यावश्यक छ ।

## मुठभेडउन्मुख राजनीति

९ जेठ २०६६ मा माधवकुमार नेपालको प्रधानमन्त्री पदमा निर्वाचनले आपसी समन्वय र सहकार्य पछि परेको प्रस्टिन्थ्यो । त्यसो त नेपालसँग कसैले प्रतिस्पर्धा गरेन, तर एनेकपा-माओवादीका सभासदहरू चुनावी प्रक्रियालाई बहिष्कार गर्दै सदनबाट बाहिरिए ।[3] तत्कालीन सेना प्रमुख रुक्माङ्गद कटवाललाई अवकाश दिने माओवादी सरकारको निर्णयलाई उल्टाउँदै कटवाललाई पुनःस्थापन गर्ने राष्ट्रपति रामवरण यादवको निर्णयले नागरिक सर्वोच्चता हनन् भएको भन्दै एनेकपा-माओवादीको सचिवालय बैठकले राष्ट्रपतिको कदममाथि संसदमा बहस शुरु गर्न मुख्य दलहरू सहमत नभएसम्म सदन सञ्चालन हुन नदिने निर्णय गर्‍यो । उसले यो निर्णय लिँदा संविधान

---

१ विवादास्पद मुद्दाहरू, दलीय अवधारणा र मत विभाजनका लागि हेर्नुहोस्: सिम्खडा, ध्रुव । २०६६ । भिन्न मतको चाङ । हिमाल खबरपत्रिका । १ भदौ, पृ. २९-३२ ।

२ The Kathmandu Post. 2009. CA likely to miss deadline again. 18 October, p. 1.

३ Madhav Kumar Nepal is new PM. www.nepalnews.com/archive/2009/may/may23/news08.php

सभाको पूर्ण बैठकमा पहिलो मस्यौदा पत्र प्रस्तुत भएको तीन दिनमात्रै भएको थियो। नेकपा एमालेको नेतृत्वको सरकारले २२ असारमा एक महिनाभित्र अन्य दलसँग सल्लाह गरी माओवादी मागलाई सम्बोधन गर्ने मध्यमार्गी बाटो पहिल्याउने प्रस्ताव राखेको थियो। माओवादीले सो प्रस्तावमा सहमति जनाएपछि गतिरोध केही साम्य भएको थियो; सरकारले बजेट पेश गर्न पाएको थियो।[४] तर, तोकिएको समयसीमा घर्किंदा पनि सहमति निर्माण हुन सकेन, र माओवादीले २३ साउनबाट पुनः सदन अवरोध गर्न थाल्यो।[५] गतिरोध समाप्त पार्न तत्पश्चात् भएका विभिन्न प्रयासले मूर्त रूप लिन सकेका छैनन्। उदाहरणका लागि माधवकुमार नेपाल प्रधानमन्त्रीमा निर्वाचित भएपछि उनले नेतृत्व गरिआएको र प्रभावशाली ठानिएको संवैधानिक समितिको सभापतिको निर्वाचनमा माओवादी उम्मेद्वारलाई नेका र एमालेले सघाउने र सोको सट्टा माओवादीले सदन अवरोध नगर्ने भन्ने प्रस्ताव सफल हुन सकेन। नागरिक सर्वोच्चता र संवैधानिक समितिको प्रमुखको निर्वाचन दुई भिन्न मुद्दा हुन् भन्दै माओवादीहरूले त्यस्तो प्रस्ताव अस्वीकार गरे।[६]

एनेकपा-माओवादीको केन्द्रीय समितिको १६ साउनमा बसेको बैठकले संविधान निर्माणका लागि राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने र शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउने कार्यनीतिसहितको पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को राजनीतिक प्रतिवेदनलाई पारित गऱ्यो।[७] सोही बैठकले बाबुराम भट्टराईको संयोजकत्वमा राष्ट्रिय भेला आयोजक समिति गठन गर्दै राष्ट्रिय संयुक्त सरकार निर्माण गर्न संयुक्त राष्ट्रिय जनआन्दोलन सञ्चालन गर्ने निर्णय लियो। नागरिक सर्वोच्चताका लागि भन्दै माओवादीले शुरु गरेको सदन-अवरोध तथा सडकमा आधारित विरोधका गतिविधिहरू अद्यापि जारी छन्।

यसै अवधिमा उपराष्ट्रपति परमानन्द झाले ८ साउन २०६५ मा हिन्दी भाषामा लिएको शपथ र त्यसको विरोधमा उरालिएका आवाजले गर्दा राजनीति थप जटिल बन्यो। उपराष्ट्रपतिको उक्त कार्यको विरोध गर्दै सो मुद्दा अदालतमा समेत पुऱ्याइयो। अन्तरिम संविधान, २०६३ ले हिन्दी भाषामा शपथ लिने व्यवस्था नगरेकाले नेपालीमै लिनु पर्ने भन्दै सर्वोच्च अदालतले उपराष्ट्रपतिको शपथलाई वैध नहुने फैसला दियो। उपराष्ट्रपति झाले पुनः शपथ लिन अस्वीकार गरेकाले सो पद खाली भएको मानिएको छ।[८] यसबारे अनेक बहस र विवाद जारी रहँदै गर्दा संविधान संशोधन गर्न सकियोस् र उपराष्ट्रपतिले आफूले चाहेको भाषामा शपथ लिन सकून् भनेर एनेकपा-माओवादीलाई उनीहरूले गर्दै आएको सदन-अवरोध बन्द गर्न मधेसवादी दलहरूले आग्रह गरेका थिए। तर माओवादीले यो कुरा स्वीकारेन।[९]

यसबीच माधवकुमार नेपालको नेतृत्वमा बनेको सरकार कति समय टिक्छ भन्ने अनुमान जारी छ।[१०] र, जारी छ "सहमति-सहकार्य निर्माण गर्छौं" भन्ने नेताहरूको सार्वजनिक वाचा। तर, उल्लेखनीय छ, माओवादीहरूले समयसमयमा आफ्नो नेतृत्वको "राष्ट्रिय सरकार" बाट मात्रै संविधान निर्माण र शान्ति प्रक्रियाको टुङ्गो लाग्ने बताउँदै आएका छन्।[११]

## संविधान लेखन प्रक्रिया

संविधान लेखनको गति सुस्त भए पनि केही महत्त्वपूर्ण कदम भने चालिएका छन्। जसमध्ये १४ जेठ २०६६ मा गठित अवधारणा पत्र र प्रारम्भिक मस्यौदा प्रस्ताव अध्ययन समिति एक हो। यो समितिले छुटपुट भएका, दोहोरिएका, तथा बाझिएका विषयहरूको अध्ययन गर्नेछ।[१२] त्यस्तै, १२ भदौमा संवैधानिक समितिको सभापतिको पदमा नीलाम्बर आचार्य निर्वाचित भएपछि सो समितिको काम पुनः शुरु भएको छ। यस समितिका अघिल्ला सभापति माधवकुमार नेपाल प्रधानमन्त्री भएपछि समितिको काम ठप्पप्रायः थियो।

---

४ कान्तिपुर। २०६६। संसद् अवरोध हट्यो। २३ असार, पृ. १, ८।

५ ढुङ्गेल, माधव। २०६६। संसद अवरोध भोलिदेखि। नागरिक। २२ साउन, पृ. २।

६ The Himalayan Times. 2009. PM sets condition for CC head. 27 August, p. 1.

७ बीसी, गंगा। २०६६। जनगणतन्त्र माओवादी रणनीतिः शान्ति र जनमुखी संविधान कार्यनीति। कान्तिपुर। १६ साउन, पृ. १, ८।

८ झाले नेपालीमा शपथ लिनुपर्ने सर्वोच्च अदालतको फैसलालाई अस्वीकार गर्ने बताएका छन्। नेपालीमा दोहोऱ्याएर शपथ लिनु भनेको गैरनेपाली भाषीको अवमानना गर्नु हो भन्ने उनको तर्क छ। Luitel, Ananata Raj. 2009. New statute must insure linguistic rights of minorities. The Himalayan Times. 6 August, p. 9.

९ The Kathmandu Post. 2009. Maoist leaders tread on Madhesi parties' toes. 2 September, p. 4. अन्तरिम संविधान, २०६३ परिवर्तन गरे पनि सो पूर्वापेक्षी नहुनाले त्यसले उपराष्ट्रपतिको शपथ प्रकरणलाई वैधता दिन नसक्ने केही रिपोर्टहरूले उल्लेख गरेका छन्। The Kathmandu Post. 2009. Will 7th amendment resolve oath row? 2 September, p. 1.

१० ३ असोज २०६६ का दिनसम्म नेकाले नयाँ संविधान निर्माण नभएसम्म वर्तमान सरकारलाई समर्थन रहने जनाएको छ। नेपाल समाचारपत्र। २०६६। संविधान नबन्दासम्म सरकारलाई कांग्रेसको समर्थन। ४ असोज, पृ. ५।

११ एनेकपा-माओवादीका अध्यक्ष दाहालका अनुसार, "जनताको अभिमत नपाएकाहरूले संविधान निर्माण गर्न सक्दैनन्।" कान्तिपुर। २०६६। माओवादी सरकारमा नगए संविधान बन्दैन। ११ भदौ, पृ. ८। र, पुन 'अनन्त', वर्षमान। २०६६। समयमा संविधानः पूरा गर्नुपर्ने छ शर्त। हिमाल खबरपत्रिका। १६ भदौ, पृ. २७।

१२ The Kathmandu Post. 2009. CA panel to give final shape to concept papers. 28 May, p. 4. यस समितिका सभापति सद्भावना पार्टीका लक्ष्मण लाल कर्ण बिनाविभागीय मन्त्री बन्न गएपछि उनको स्थानमा नेकपा-एमालेका अग्नि खरेललाई चयन गरिएको छ।

### *नेतृत्व र अनुपस्थिति*

दलहरूको उच्च नेतृत्व संविधान सभाका बैठकमा सहभागी हुँदा संविधान लेखन प्रक्रिया प्रभावकारी रूपमा अघि बढ्ने थियो भन्दै अध्यक्ष सुवास नेम्वाङले गत असारदेखि नै नेतृत्व तहलाई सहभागिताका लागि आग्रह गर्दै आएका छन् । तर, संविधान सभामा नेतृत्व तहको उपस्थिति एकदम कमजोर छ । भदौको दोस्रो साता एउटा नेपाली दैनिकले माधवकुमार नेपाल, गिरिजाप्रसाद कोइराला, पुष्पकमल दाहाल, बाबुराम भट्टराई, उपेन्द्र यादव, झलनाथ खनाललगायतका नेताहरू लगातार दश पटकभन्दा बढी बैठकमा विनासूचना अनुपस्थित भएकाले उनीहरूको संविधान सभा सदस्यता नेपालको अन्तरिम संविधान, २०६३ अनुसार खारेज हुनसक्ने समाचार प्रकाशन गरेको थियो ।[१३] अध्यक्ष नेम्वाङले बारम्बार त्यस्तो आग्रह गरे पनि अटेर गरेका नेताहरूले पत्रिकामा समाचार प्रकाशित भएपछि मात्र छुट्टीका लागि निवेदन दिन शुरू गरे ।[१४]

संविधान सभामा गयल हुने रोग नेतृत्व तहलाई मात्र लागेको होइन । संविधान सभाका सदस्य र कर्मचारीका अनुसार संविधान सभाका बैठकहरूमा सभासदहरूको उपस्थिति एकदमै पातलो हुन्छ ।[१५] र, थोरै सदस्य मात्र नियमित उपस्थित हुन्छन् । धेरै सदस्यहरू केही बैठकमा मात्र उपस्थित भएको एक समितिका कर्मचारीले मार्टिन चौतारीलाई बताए । उनका अनुसार सो समितिका ४३ सदस्यमध्ये सबैजना एकै पटक उपस्थित भएको एउटै पनि रेकर्ड छैन ।[१६] कतिपय सदस्य फरक मत पेश गर्ने बेलामा मात्र उपस्थित हुने अर्को एक समितिका सदस्यले जानकारी दिए ।[१७] उदाहरणका लागि, संवैधानिक निकायको संरचना निर्माण समितिले पेश गरेको मस्यौदामाथि भएको संविधान सभाको पूर्ण बैठकको अन्तिम दिन ६०१ मध्ये १५८ सदस्य मात्र उपस्थित थिए । त्यसैगरी, २७ साउन २०६६ मा बसेको संविधान सभाको मूल बैठकमा व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समितिले पेश गरेको मस्यौदा छलफल हुँदा जम्माजम्मी ७० सदस्य मात्र उपस्थित भएको समाचार प्रकाशमा आएको थियो ।[१८]

कम उपस्थितिको कारणमा पार्टीको बैठकमा उपस्थित हुन परेकाले – विशेषगरी नयाँ सरकारको गठनपश्चात् – बताइने गरिएको छ ।[१९] त्यस्तै, संविधान सभा बाहिर अधिक व्यस्त रहनु परेको एवं सदन र संविधान सभा दुवैको कार्य गर्नु पर्ने हुनाले अवधारणा पत्र माथिको छलफल छाडेर सदन तर्फको गतिविधिमा सामेल हुन जानुपर्ने जस्ता कारण पनि कतिपय सदस्यले बताए ।[२०] उल्लिखित कारणबाहेक मस्यौदाको अन्तिम चरणमा मात्र सहभागी बन्ने प्रचलनले गर्दा बहसको प्रकृति र गुणवत्तामा असर त परेको छ नै, सिक्ने तथा सहमति निर्माणको अवसरमा पनि प्रभाव परेको छ ।[२१]

### *दलीय नियन्त्रण*

उच्च राजनीतिक नेतृत्वको गैरहाजिरी एवं पार्टी ह्विपसम्बन्धमा संविधान सभा नियमावली मौन रहे पनि संविधान सभाका कार्यविधिहरू दलको नियन्त्रणभन्दा बाहिर देखिन्नन् । केही सदस्य सार्वजनिक रूपमै दलीय नियन्त्रण भएको तथ्यलाई अस्वीकार गर्छन्, तर केही अन्यले सोझै नभए पनि दलको नियन्त्रण रहेको बताएका छन् ।[२२] मार्टिन चौतारीले केही सभासदसँग गरेको अन्तर्वार्तामा बहस-छलफलहरू दलीय प्राथमिकता या लाइनअनुसार नै चलेको र सभासदहरूले दलको दबाबमा पक्ष-विपक्षमा मतदान गर्ने गरेको बताइयो ।[२३] राजनीतिशास्त्री कृष्ण खनालका अनुसार यदि एउटा दलका सबै सदस्यले फरक-मत पेश गर्छन् भने त्यहाँ दलको ह्विप लागेको छ भनेर बुझ्न सकिन्छ ।[२४] दलहरूकै दबाबका कारण समितिहरूमा सहमति निर्माण हुन नसकेको हो भन्ने तर्क पनि गरिएको पाइन्छ ।[२५]

महिला, दलित, जनजाति, आदिका अनौपचारिक ककसहरू सञ्चालन भैरहेका छन्, तर तिनको प्रभाव संविधान लेखन प्रक्रियामा

---

[१३] पन्त, खगेन्द्र । २०६६ । अन्तरिम संविधान, २०६३ अनुसार माधव, प्रचण्ड, गिरिजा, झलनाथ, उपेन्द्र र बाबुरामको संविधान सभा सदस्यता खारेज हुने । नयाँ पत्रिका । १६ भदौ, पृ. १, २ ।

[१४] पन्त, खगेन्द्र । २०६६ । पद जोगाउन नेताहरूले दिन थाले निवेदन । नयाँ पत्रिका । २१ भदौ, पृ. १, ३ । सदस्यता खारेज गर्ने कदमको वैधानिकता प्रस्ट छैन र हालसम्म कसैलाई कारवाही पनि गरिएको छैन । तर, संविधान सभा कार्य व्यवस्थापिका परामर्श समितिको एक उपसमितिले मातृका यादव र जगत यादवको संविधान सभा सदस्यता खारेज गर्न सुझाव दिएको छ । दुवैले आफूहरू एनेकपा-माओवादीमा नभै पुरानो नेकपा-माओवादीमा रहेको बताउँदै आएका छन् । The Kathmandu Post. 2009. Matrika, Jagat to lose CA berths. 7 October, p. 1.

[१५] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू; ९, १५ र २६ असार २०६६ ।

[१६] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; ६ साउन २०६६

[१७] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; १५ असार २०६६ ।

[१८] सिम्खडा, ध्रुव । २०६६ । भिन्न मतको चाङ । हिमाल खबरपत्रिका । १ भदौ, पृ. २९-३२ ।

[१९] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; ५ असार २०६६; र रिजाल, रमेश (नेका), सभापति, व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति, बीबीसी वर्ल्ड ट्रष्टको ७ असार २०६६ को साझा सवाल कार्यक्रममा व्यक्त विचार ।

[२०] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू; २६ असार र ४ साउन २०६६ ।

[२१] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; १९ असार २०६६ ।

[२२] उदाहरणका लागि हेर्नुहोस्, हिमाल खबरपत्रिका । २०६६ । अनुभव: संविधान सभाको एक वर्ष । १ साउन, पृ. ३६-३७; र मगर, सन्त गाहा । २०६६ । जाति होइन दल । हिमाल खबरपत्रिका । १६ साउन, पृ. ५८-६२ ।

[२३] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू; १५, २१ असार र १२ भदौ २०६६ ।

[२४] मार्टिन चौतारीद्वारा बनेपामा आयोजित 'संविधान निर्माण प्रक्रियाका राजनीतिक बहसहरू' विषयक अन्तर्क्रिया कार्यक्रममा व्यक्त विचार । २७ साउन २०६६ ।

[२५] सिम्खडा, ध्रुव । २०६६ । भिन्न मतको चाङ । हिमाल खबरपत्रिका । १ भदौ, पृ. २९-३२ ।

प्रतिविम्वित भएको देखिन अझै बाँकी छ। जनजाति सभासदहरूले जनजातिसम्बन्धी मुद्दाहरू उठाउन देखाएको उदासिनताप्रति जनजाति नेतृत्व आलोचक देखिन्छ; सभासदहरू मुद्दा उठाउन धर्मराउँछन् र उठाएकै अवस्थामा पनि दलीय लाइनलाई पछ्याउँछन् भन्ने आरोप लागेको छ।[२६] महिलाका सम्बन्धमा कुरा गर्दा एक सभासदसँगको वार्ता उल्लेख्य छः उनी संलग्न एक उपसमितिका नेकपा-एमालेका महिला सभासदहरू एनेकपा-माओवादीले प्रस्ताव गरेको व्यवस्थापिकामा ५० प्रतिशत महिला हुनुपर्ने प्रस्तावको पक्षमा थिए। तर, दलीय दबाबका कारण अन्ततः उनीहरूले ३३ प्रतिशतलाई समर्थन गर्न पुगे।[२७]

मार्टिन चौतारीको अघिल्लो नीति पत्र १ (जेठ २०६६) मा भनिए झैँ संविधान सभाका नियम-विनियमले ठूला दलहरूलाई प्राथमिकतामा राखेकाले त्यहाँ स्वतन्त्र विचारहरूको प्रस्फुटन हुने सम्भावना कम छ।[२८] मस्यौदा अवधारणा पत्रहरूमा छलफलका लागि तय गरिएका प्रावधानका हकमा पनि यही कुरा लागू हुन्छ। सामान्यतया, संविधान सभाको मूल बैठकमा प्रत्येक मस्यौदामाथि छलफलका लागि जम्मा पाँच दिन र प्रतिदिन छ घण्टाका दरले ३० घण्टा अथवा १८०० मिनेट छुट्ट्याइएको छ। यो समयलाई दलहरूको सदस्य-सङ्ख्याको आधारमा दामासाहीले छलफलका लागि समय बाँडिन्छ। उदाहरणका लागि एनेकपा-माओवादी (जसका २३८ सदस्य छन्) लाई दैनिक १४२ मिनेट र जम्माजम्मी ७१२ मिनेट उपलब्ध गराइएको छ। त्यस्तै, नेका (११४ सभासद) ले दैनिक ६८ मिनेट र जम्मा ३४१ मिनेट पाउँछ भने नेकपा-एमाले (१०९ सभासद) ले प्रतिदिन ६५ मिनेटका दरले जम्मा ३२६ मिनेट पाउँछ। यस हिसाबले साना दल र स्वतन्त्र सभासदले छलफलका लागि सबैभन्दा कम समय पाउँछन्। साना छ दल र दुई स्वतन्त्र सभासद प्रत्येकलाई छलफलका लागि तीन मिनेट समय उपलब्ध हुन्छ। तोकिएको समयमा छलफलका लागि नाम लेखाउनुको कुनै तुक नभएको एक दलित सभासदले बताए, किनकि "बडे नेताहरू"लाई जुनैबेला पनि समय दिइन्छ। यसले दलित तथा अन्य सीमान्तीकृत समुदायका सभासदलाई आफ्ना विचार राख्न समय अपुग भएको देखाउँछ।[२९]

## मस्यौदा अवधारणा पत्र र मुद्दाहरू

राष्ट्रिय हितको संरक्षण समिति; अल्पसङ्ख्यक तथा सीमान्तीकृत समुदायको हकअधिकार संरक्षण समिति; सांस्कृतिक र सामाजिक ऐक्यबद्धताका आधार निर्धारण समिति; संवैधानिक निकायको संरचना निर्माण समिति; व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति; र न्यायपालिकासम्बन्धी समितिले मस्यौदा अवधारणा पत्र तयार गरी संविधान सभामा पेश गरिसकेका छन्। स्थानाभाव, प्रायः मस्यौदाको अधुरोपन र तिनको विशेषगरी राज्य पुनःसंरचना र राज्यशक्तिको बाँडफाँड समिति एवं राज्यको शासकीय स्वरूप निर्धारण समितिका मस्यौदासितको अन्तर्सम्बन्धले गर्दा बुझाइएका मस्यौदाको सर्सर्ती स्वरूप र विवादमा आएका पक्षहरूलाई मात्र यहाँ चर्चा गरिन्छ।

हालसम्म देखिएका विवाद मुख्यतः शब्दावली र तिनको परिभाषामा केन्द्रित छन्, जसका कारण, केही सभासदले भनेझैँ, अन्य मूल मुद्दा र नागरिकका खास सरोकारका विषयमा छलफल गर्न समय अपुग भएको छ।[३०] छलफलका महत्त्वपूर्ण र धेरै समय "जनयुद्ध" भन्ने कि "सशस्त्र द्वन्द्व" भन्नेमा र अन्य यस्तै खाले पदावलीमा खर्चिएको पाइन्छ। यसले एनेकपा-माओवादी र नेका तथा नेकपा-एमालेबीच रहेको ठूलो विचारधारात्मक भिन्नता, र साथसाथै ती दलबीच बढ्दो असहिष्णुता, हठधर्मितालाई दर्शाउँछ। राष्ट्रिय हितसम्बन्धी पहिलो मस्यौदा पत्रमा यो कुरा प्रस्ट अनुभूत गर्न सकिन्छ।

राष्ट्रिय हितको पहिचान र परिभाषा; सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको संरक्षणको उपाय; अन्तर्राष्ट्रिय सम्बन्ध, सन्धि-सम्झौता तथा सीमा व्यवस्थापन; र राष्ट्रिय सुरक्षाजस्ता विषयको टुङ्गो लगाउने जिम्मा राष्ट्रिय हितको संरक्षण समितिको हो। समितिले पेश गरेको मस्यौदामाः अन्तर्राष्ट्रिय सम्बन्धहरूको निर्माणको आधार संयुक्त राष्ट्रसङ्घको बडापत्रमा आधारित हुने, अन्तर्राष्ट्रिय सीमाको व्यवस्थापन वैज्ञानिक तवरबाट गरिने, दुवै छिमेकी मुलुकसँगको नीति समानताको आधारमा तय गरिने, नेपालको परराष्ट्र नीति र सन्धि-सम्झौतामा हस्ताक्षर गर्ने दायित्व केन्द्रीय सरकारमा निहित हुने जस्ता कुरा छन्।

माथि सङ्केत गरिएझैँ यो समितिको पनि अधिकांश समय "जनमुक्ति सेना" भन्ने कि "माओवादी लडाकु" भन्नेमा नै खर्चिएको थियो। नेपाली जनताले नेपालीका खातिर क्रान्ति गरेरकाले जनमुक्ति सेना प्रयोग गर्नुपर्ने तर्क एनेकपा-माओवादी गर्दथ्यो भने अन्यले शान्ति सम्झौतामा उल्लिखित भाषालाई नै कायम राख्नु पर्ने मत राख्दथे। त्यस्तै, १८ वर्षमाथिको उमेरका सबैलाई सैनिक तालिम अनिवार्य बनाउनु पर्छ-पर्दैन भन्ने मुद्दामा पनि माओवादी र अन्य दलबीच स्पष्ट भिन्नता गोचर हुन्थ्यो। अन्ततः समितिमा भएको मतदानमा बहुमतले माओवादी लडाकु भन्ने र सैनिक तालिम स्वेच्छिक विषयका रूपमा शैक्षिक पाठ्यक्रममा राख्ने निर्णय गऱ्यो। समितिमा भएका

[२६] मगर, सन्त गाहा। २०६६। जाति होइन दल। हिमाल खबरपत्रिका। १६ साउन, पृ. ५८-६२।

[२७] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; २१ भदौ २०६६।

[२८] यो नीतिपत्र www.martinchautari.org.np/pdf/policy-brief_no.1_may2009_nepali_ver.pdf मा उपलब्ध छ।

[२९] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; ७ भदौ २०६६।

[३०] अधिकारी, रवीन्द्र। २०६६। हामीले कामै नगरेको होइन। हिमाल खबरपत्रिका। १ साउन, पृ. ३५। र, मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; २२ असार २०६६।

छलफलका अन्य विषयमा सीमापारि भारत जानका लागि परिचयपत्र अनिवार्य गर्ने तथा सीमामा काँडेतार लगाउने भन्ने थिए ।[३१]

अल्पसङ्ख्यक तथा सीमान्तीकृत समुदायको हकअधिकार संरक्षण समितिको जिम्मामा ती समुदायको परिभाषा; पछाडि पारिएका वा एक्लिएका वा बहिष्करणमा परेका जात, जाति लगायतका वर्ग र समुदायको पहिचान; तिनको संरक्षण व्यवस्था; र तिनलाई राज्य व्यवस्थामा समावेशीकरणका उपाय सुझाउने समेतको दायित्व थियो । समितिले दिएका सुझावमा शिक्षा, भाषा, र संस्कृतिको अधिकार, नेपाली भाषालाई सरकारी कामकाज र प्रान्तीय राज्यसँगको सम्पर्क भाषा हुने, नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुने, प्रान्तका हकमा प्रान्तभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा धेरै भाषा कामकाजको भाषाको रूपमा चयन गर्न सक्ने, आदि छन् ।

अल्पसङ्ख्यक, सीमान्तीकृत, सङ्कटापन्न, अति सीमान्तीकृत, आदिवासी, विशेषाधिकार, विशेष व्यवस्था जस्ता पदावलीको परिभाषामा यो समितिको बहस अल्झेको थियो । समितिको अवधारणा र प्रारम्भिक मस्यौदाप्रति नेपाल आदिवासी जनजाति महासङ्घ (नेफिन) ले असहमति जनाउँदै अवधारणा पत्र पुनःलेखनका लागि सुझाव पत्र पेश गरेको थियो । उक्त पत्रमा आदिवासी जनजाति तथा अल्पसङ्ख्यक र सीमान्तीकृतको परिभाषा उपयुक्त नभएको, उनीहरूले उठाउँदै आएका मुद्दाहरू जस्तो कि आत्मनिर्णयको अधिकार, भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकार, क्षतिपूर्तिको व्यवस्था, आदि उल्लेख नभएको एवं सारभूत समानता स्थापना गर्न सकारात्मक विभेद, विशेष उपाय, आदिबारे मौन रहेको भन्दै विरोध जनाइएको छ ।[३२] जनजाति, महिला, दलित, मधेसीहरूको पृथक ऐतिहासिक परिप्रेक्ष्य, मुद्दा एवं माग रहेको तथा नेफिनले शुरुदेखि नै उनीहरूका लागि छुट्टाछुट्टै समितिको माग गरेको भन्दै समितिले समस्या सुल्झाउने नभै थप बल्झाउने कार्य गरेको आरोप नेफिनका एक सदस्यले लगाए ।[३३]

सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्र विभिन्न तहका सङ्घीय एकाईमा सरकारी कामकाजको भाषा तय गर्ने, अन्य राष्ट्रिय भाषा तथा संस्कृतिको संरक्षण गर्ने, सामाजिक ऐक्यबद्धताका आधार तय गर्ने, आदि रहेको थियो । उक्त समितिले दिएका सुझावमा: अधिकार सम्पन्न भाषा आयोगको गठन; शिक्षा, भाषा र संस्कृतिको अधिकारको संवर्धन, संरक्षण तथा अविभेदकारी दफाहरूको आवश्यकता, आदि छन् । त्यस्तै, सरकारी कामकाजको भाषा नेपाली हुने; प्रान्तीय विधायिकाले कानुनद्वारा निर्धारण गरेबमोजिम प्रान्तभित्र बोलिने एक वा धेरै राष्ट्रभाषा प्रान्तीय सरकारको कामकाजको भाषा हुने; केन्द्रीय र प्रादेशिक सरकारबीचको लेखापढी नेपाली अथवा सम्बन्धित प्रदेशको भाषा हुने, नेपालमा बोलिने सबै मातृभाषा राष्ट्र भाषा हुने प्रस्ताव मस्यौदामा गरिएको छ ।

मधेसी दलहरू र एनेकपा-माओवादीले भाषासम्बन्धी प्रस्तावमा विमति जनाएका थिए । त्यस्तै, "सशस्त्र द्वन्द्व" भन्ने कि "जनयुद्ध" भन्नेमा यो समितिमा पनि विवाद चर्किएको थियो । माओवादीले सांस्कृतिक परिवर्तनमा आफ्नो दलको मुख्य भूमिका रहेको दावी गर्दै जनयुद्ध उल्लेख हुनुपर्ने माग गऱ्यो तर मतदानमा १९ मतविरूद्ध ३१ मत परेकाले उनीहरू पराजित भए, र सशस्त्र द्वन्द्व भन्ने शब्द नै कायम रह्यो । अर्को विवाद नयाँ संविधानमा हिन्दी भाषाको मान्यतासम्बन्धमा थियो । मधेसी जनाधिकार फोरम (मजफो) का ५ तथा तराई-मधेस लोकतान्त्रिक पार्टी (तमलोपा), सद्भावना पार्टी र नेका प्रत्येकका एक सहित जम्मा ८ सभासदले "देवनागरी लिपिको खस भाषा र हिन्दी भाषासमेतलाई केन्द्रीय सरकारको सरकारी कामकाजको भाषाको मान्यता दिनुपर्छ" भन्ने फरक-मत पेश गरेका थिए । माओवादीका सभासदहरूले एक नभै बहु-भाषाको पक्षमा आफूलाई उभ्याए: "कुनै एक भाषालाई सङ्घीय, प्रादेशिक वा स्थानीय निकायमा सरकारी कामकाजको भाषा तथा अदालती कामकाजको भाषा र सम्पर्क भाषा भनी उल्लेख गरिनुहुँदैन ।" यसको सट्टा बहु-भाषिक नीति लिनुपर्छ, र मुलुकका एक प्रतिशतभन्दा बढी नागरिकले बोल्ने सबै १२ भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिइनु पर्ने उनीहरूको मत रह्यो ।[३४] धेरै विवादित बनेको अर्को विषय मातृभाषामा शिक्षा थियो । मस्यौदामा प्राथमिक शिक्षा मातृभाषामा दिइने उल्लेख छ, तर विश्वविद्यालय तहसम्मै मातृभाषामा शिक्षा पाउनु पर्ने माग गरिएको थियो ।

संवैधानिक निकायको संरचना निर्माण समितिले संवैधानिक अङ्गको पहिचान, तिनको स्थापनाको प्रक्रिया र कार्यावधि; दायित्व आदि निरूपण गर्ने जिम्मा पाएको थियो । समितिले निम्न ११ आयोग स्थापना गर्न सुझायो: अख्तियार दुरुपयोग अनुसन्धान; लेखा परीक्षण; लोकसेवा; निर्वाचन; मानव अधिकार; महिला; दलित; आदिवासी-जनजाति; मधेसी; मुस्लिम; र अल्पसङ्ख्यक, सीमान्तीकृत, पिछडिएका क्षेत्र र अपाङ्गता भएकाहरूको अधिकार संरक्षण आयोग । यी आयोगका सदस्यको सुझाव संवैधानिक परिषदले गर्ने; तिनमा समानुपातिक र समावेशी आधारमा प्रतिनिधित्व गराउने; पदावधि छ वर्षको हुने र थप एक कार्यकालका लागि पुनःनियुक्त हुन सक्ने व्यवस्था मस्यौदा

[३१] पछिल्लो विषयले सन् १९५० को नेपाल-भारत सन्धिमा परिवर्तन गर्नु पर्ने भन्ने तर्कका आधारमा सो मुद्दा पछि त्यागियो । मार्टिन चौतारीले गरेको अन्तर्वार्ता; ८ असार २०६६ ।

[३२] नेफिनले संविधान सभा समक्ष पेश गरेको सो पत्र www.nefin.org.np/news--update/news/451-2009-6-24-15-31-21 मा उपलब्ध छ ।

[३३] मार्टिन चौतारीले नेफिनका एक सदस्यसँग लिएको अन्तर्वार्ता; ६ साउन २०६६ ।

[३४] कान्तिपुर । २०६६ । भाषा बहसमा सभासदबीच विवाद । १२ असार, पृ. १६ ।

पत्रमा प्रस्ताव गरिएको छ। यी आयोगलाई "सङ्घीय" आयोग भनिएको छ, तर सम्भवत: नयाँ राज्यको संरचनाबारे अझै निश्चित हुन बाँकी भएकाले पनि होला, "सङ्घीय" भनेको के हो भन्ने प्रस्ट्याइएको छैन। यद्यपि केही भिन्नता भने गरेको पाइन्छ। उदाहरणका लागि, आदिवासी-जनजाति र मुस्लिम आयोगमा प्रादेशिक व्यवस्था कानुनले निर्धारण गरेबमोजिम हुने उल्लेख छ। तर, अख्तियार दुरुपयोग अनुसन्धान र मानव अधिकार आयोगको भने प्रादेशिक कार्यालय स्थापना गरिने उल्लेख छ।

मस्यौदा तयारी क्रममा प्रस्तावित आयोगहरूलाई राष्ट्रिय भन्ने कि सङ्घीय भन्नेमा विवाद थियो। समग्रमा चाहिँ आयोगको सङ्ख्यामा बढी विवाद थियो; केहीले धेरै बनाउनु पर्ने र केहीले सङ्ख्या घटाउनु पर्ने तर्क गरेका थिए। भैरहेका आयोगहरूले नै अपेक्षित काम नगरेको स्थितिमा आयोगको सङ्ख्या मात्र बढाउनुको औचित्य नभएको तर्क केहीको छ।[३५] समितिसम्बद्ध स्रोतले दिएको जानकारीअनुसार समितिमा "प्रेम आयोग" लगायत विविध खाले १०० भन्दा बढी आयोग गठनको सुझाव आएको थियो, जुन घटेर पहिले १९ र अन्तिममा ११ मा पुगेर रोकियो।[३६] आयोगको प्रकार (संवैधानिक, कानुनी, अल्प-अवधिका र विशेष उद्देश्यका) मा भेद गर्न नसकेकोमा र आयोगको परिभाषा तथा तिनको स्थापनाको औचित्य पुष्टि गर्न नसकेकोमा समितिको आलोचना गरिएको पाइन्छ।[३७]

व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समितिको कार्यक्षेत्रमा केन्द्र र प्रदेशमा आवश्यक पर्ने व्यवस्थापिकाको स्वरूप र गठनविधि, तिनीहरूबीचको अन्तर्सम्बन्ध र आर्थिक व्यवस्थापन कार्यविधि तय गर्ने थियो। समितिले तयार गरेको मस्यौदा अवधारणा पत्रमा प्रतिनिधि सभा र राष्ट्रिय सभा सहितको दुई सदनात्मक व्यवस्थापिका (संसद) हुने उल्लेख छ। सङ्घीय प्रतिनिधिसभा १५१ सदस्यीय (प्रत्यक्ष निर्वाचनबाट ७६ जना, समानुपातिकबाट ७५ जना) हुने र जनसङ्ख्याको आधारमा विभिन्न समुदायलाई समानुपातिकबाट भए पनि प्रतिनिधित्व गराउने, कम्तिमा ३३ प्रतिशत महिला सदस्य रहनु पर्ने प्रावधान छ। त्यस्तै, ५१ सदस्यीय राष्ट्रिय सभामा ३८ जना प्रदेशहरूबाट र १३ को चयन प्रतिनिधि सभाले एकल सङ्क्रमणीय मतको आधारमा गर्ने व्यवस्था छ। प्रदेश व्यवस्थापिकाचाहिँ एक सदनात्मक हुने र जनसङ्ख्याको आधारमा बढीमा ३५ सदस्य रहने, तीमध्ये १८ प्रत्यक्ष निर्वाचनबाट र १७ समानुपातिक प्रणालीबाट चुनिने व्यवस्था प्रस्ताव गरिएको छ। माथि भनिएझैं यी प्रस्ताव मात्रै हुन् किनकि अन्य समिति, मुख्य गरी राज्य पुन:संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति एवं राज्यको शासकीय स्वरूप निर्धारण समितिका मस्यौदामा यी सङ्ख्या भर पर्दछन्।

१९ साउन २०६६ मा समितिले संविधान सभामा पेश गरेको मस्यौदामा एनेकपा-माओवादीले पार्टीगत रूपमा तथा मजफोका र नेकपा-एमालेका सदस्यले व्यक्तिगत तवरमा फरक-मत पेश गरेका थिए। माओवादीले २४५ सदस्यीय सङ्घीय जनप्रतिनिधिसभा (बहु-सदस्यीय निर्वाचन क्षेत्र प्रणालीअनुसार जनसङ्ख्या र भूगोलको आधारमा महिला, दलित, आदिवासी-जनजाति, मधेसी, मुस्लिम आदि समुदायको समानुपातिक समावेशी जनप्रतिनिधित्व हुनेगरी प्रत्यक्ष निर्वाचनद्वारा) हुने प्रस्ताव गरेको छ, जसमध्ये ५० प्रतिशत महिला हुनेछन्।[३८] समितिले तय गरेको मतदाताको उमेर १८ लाई १६ मा झार्नु पर्ने उसको प्रस्ताव छ। समितिका एक माओवादी सदस्यले नेपालजस्तो मुलुकका लागि दुई सदनात्मक व्यवस्था ज्यादै महङ्गो हुने भएकाले एक सदनात्मक व्यवस्था उपयुक्त हुने र त्यसले मात्रै शोषित-पीडित एवं लैङ्गिक विभेद हटाउने दावा गरे। माओवादीले बहु-सदस्यीय निर्वाचन प्रणालीको प्रस्ताव गर्नुमा हालको मिश्रित प्रणालीमा प्रत्यक्ष जनताबाट निर्वाचित हुनेलाई ज्यादा र समानुपातिक प्रणालीबाट चयन हुने सभासदलाई कम महत्ता दिइनु हो भन्ने तर्क गरिन्छ।[३९]

न्यायिक संरचनाको ढाँचा; न्यायपालिकाको तह, स्वरूप, र कार्यक्षेत्र; न्यायाधीशहरूको नियुक्ति, सेवा, बर्खास्ती, आदि विषय समेटी मस्यौदा अवधारणा पत्र तयार गर्ने दायित्व न्याय प्रणालीसम्बन्धी समितिको थियो। माओवादी प्रस्तावलाई बहुमतको आधारमा सम्मति दिएकाले यो समितिको मस्यौदा सबैभन्दा बढी विवादास्पद बन्यो। राजनीतिक मुद्दाहरूबारे संविधानको व्याख्या गर्नुपर्ने स्थिति भएमा व्यवस्थापिका नै अन्तिम निकाय हुने; उपयुक्त योग्यता पुगेका जो सुकै पनि प्रमुख न्यायाधीशमा नियुक्त गर्न सकिने; न्यायाधीशको नियुक्ति र कारबाही व्यवस्थापिकाभित्रको समितिबाट हुने जस्ता माओवादी प्रस्ताव सो समितिले झिनो बहुमतले पारित गर्‍यो। नेका र एमालेले राखेको प्रस्तावमा भने प्रधान न्यायाधीश सर्वोच्च अदालतका न्यायाधीशमध्येबाट चयन गर्ने; न्याय परिषदले न्यायाधीशहरू नियुक्त गर्ने र सङ्घीय सर्वोच्च अदालत संविधान र कानुनको अन्तिम व्याख्याता हुने व्यवस्था थियो, जुन अस्वीकृत भयो।[४०] २१ भदौ

---

[३५] गोरखापत्र। २०६६। संवैधानिक आयोगलाई प्रभावकारी बनाउन विज्ञहरूको सुझाव। ५ साउन, पृ. ४।

[३६] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; ४ साउन २०६६। मस्यौदामाथि भएको छलफलक्रममा प्रस्तावित आयोगहरूको सङ्ख्या थपिनु पर्ने माग भएको थियो। Bhusal, Thira L. 2009. Panel in fix over number of statutory bodies. República, 6 October, p. 1.

[३७] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; १५ साउन २०६६।

[३८] संविधान सभाको निर्वाचनमा तत्कालीन नेकपा-माओवादीले दुई सदनात्मक व्यवस्थाकै प्रस्ताव गरेको थियो। प्रस्तावित एक सदनात्मक व्यवस्थापिकाको प्रमुख राष्ट्रपति हुने व्यवस्था छ।

[३९] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; २१ भदौ २०६६।

[४०] The Kathmandu Post. 2009. CA panel votes to pick judges from parliament. 28 May, p. 1. समितिका ४२ सदस्यमध्ये २३ ले व्यवस्थापिकाले न्यायाधीशहरूको नियुक्त गर्ने पक्षमा र १९ ले न्याय परिषदले नियुक्त गर्ने पक्षमा मत दिएका थिए।

२०६६ मा संविधान सभाका अध्यक्षलाई बुझाइएको प्रतिवेदनमा तीन तहको अदालतको व्यवस्था गरिएको छः सङ्घीय सर्वोच्च अदालत, प्रदेश/राज्य उच्च/सर्वोच्च अदालत र स्थानीय अदालत ।

यो समितिको मस्यौदाको निकै आलोचना भएको छ, मुख्यतया न्यायपालिकाको स्वतन्त्रताको प्रश्नलाई लिएर ।[४१] नेपाल बार एसोसिएसन सबैभन्दा चर्को आलोचकको रूपमा देखा परेको छ;[४२] व्यवस्थापिकाले न्यायपालिकामाथि नियन्त्रण गर्नु भनेको न्यायपालिका राजनीतिक नियन्त्रणमा पर्नु हो भन्ने टिप्पणी, तर्क गरिएको पाइन्छ ।[४३] यस्तो व्यवस्थाले अधिनायकवादी शासन निम्त्याउने तर्क गर्दै संविधान सभाका बहुमत सदस्यहरू समितिले पारित गरेको प्रस्तावको विपक्षमा रहेको बताइएको छ ।[४४] तर, समितिका सभापति प्रभु साह (एनेकपा-माओवादी) ले सो निर्णय अध्ययनपश्चात् गरिएको; अबको न्यायालय स्वतन्त्र, निष्पक्ष र जवाफदेही हुनुका साथै सबै नेपालीको पहुँचमा हुने; तथा न्यायाधीशहरूको पुनःनियुक्तिको व्यवस्था गरिएकाले संस्था स्वयं पनि समावेशी हुने दाबी गर्दै प्रस्तावको बचाउ गरेका छन् ।[४५]

## विवादका विषय र थाती रहेका मुद्दा

हालसम्म पनि मस्यौदा अवधारणा पत्र तयार गर्न असफल समितिहरू निम्न छन्: मौलिक अधिकार र निर्देशक सिद्धान्त समिति; राज्य पुनःसंरचना र राज्यशक्ति बाँडफाँड समिति; राज्यको शासकीय स्वरूप निर्धारण समिति; प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति; र संवैधानिक समिति ।

यी समितिहरूले तयार गर्ने मस्यौदाको गहनताका कारण तिनमा अहिलेदेखि नै विवाद, बहस शुरु हुनु कुनै अनौठो भएन । उदाहरणका लागि, एनेकपा-माओवादीले तीन तह – केन्द्रीय, प्रादेशिक र स्थानीय – सहितको सङ्घीय संरचनाको प्रस्ताव गरेको छ, जसमा जाति र भूगोलमा आधारित १३ प्रदेश छन् ।[४६] नेकपा-एमालेले १५ प्रदेशको प्रस्ताव गरेको छ जसअन्तर्गत स्वायत्त क्षेत्रहरू हुन सक्नेछन् ।[४७] नेकाले भने दु-दुई पटक समयसीमा नाघ्दा पनि समितिमा आफ्नो खाका पेश गर्न सकेको छैन । मधेसी दलहरूले राख्दै आएको “समग्र मधेस एक प्रदेश” को मागप्रति व्यापक विरोध भएपछि अहिले उनीहरूले एक मधेस र सोअन्तर्गत अन्य उपप्रदेश या उपराज्यको व्यवस्थासहितको खाका प्रस्ताव गरेका छन्, यद्यपि कति उपप्रदेश भन्ने कुरा प्रस्ट बाहिर आएको छैन ।[४८]

यसबीच, मौलिक अधिकार र निर्देशक सिद्धान्त समितिले तयार पार्दै गरेको प्रारम्भिक मस्यौदा पनि स्पष्टताको अभाव भएको भन्दै विवादमा तानिएको छ । विवादित मुद्दाहरूमा: राज्यका निर्देशक सिद्धान्तको गोलमटोल परिभाषा; मौलिक अधिकारबारे प्रस्टताको अभाव; केही मौलिक अधिकारमा बन्देज लगाउन सक्ने पनि व्यवस्था; प्रेस स्वतन्त्रतामा आँच आउन सक्ने अवस्था; असंशोधनीय र अहरणीय विषय; आदि छन् ।[४९] अर्कोतर्फ, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिले केन्द्रीय सरकारले कानुनबमोजिम हदबन्दीभन्दा माथिको जमिन विनाक्षतिपूर्ति अधिग्रहण गर्न सक्ने व्यवस्था पारित गऱ्यो ।[५०] यो निर्णयको पनि ठूलै आलोचना गरिएको छ, र समितिका गैरमाओवादी २२ सदस्यले छुट्टाछुट्टै भिन्न-मत पेश गरेका छन् ।[५१] मधेसी दलका सभासदहरूले यसलाई मधेसको जग्गा कब्जा गर्ने रणनीतिको रूपमा व्याख्या गरेका छन्, र भूमिसुधारको अधिकार प्रान्तीय सरकारलाई नै दिइनु पर्ने प्रस्ताव अघि सारेका छन् ।[५२] त्यस्तै, राज्य पुनःसंरचना र राज्यशक्ति बाँडफाँड समितिले प्रदेशहरूलाई छुट्टिनेबाहेक सबैखाले स्वायत्तता प्रदान गर्ने निर्णय गरेको छ । यो निर्णय प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिको निर्णयसँग बाझिन्छ जसले आयकर,

---

[४१] भट्टराई, टिकाराम । २०६६ । स्वतन्त्र न्यायपालिकाको पक्षमा । कान्तिपुर, १६ भदौ, पृ. ६; अधिकारी, राधेश्याम । २०६६ । किन क्षत-विक्षत पार्न खोजिँदैछ न्यायपालिकालाई! हिमाल खबरपत्रिका । १६ भदौ, पृ. २८-२९ ।

[४२] नागरिक । २०६६ । न्याय प्रणाली मस्यौदा नसच्याए बारले आन्दोलन चर्काउने । १७ भदौ, पृ. ३ ।

[४३] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; २१ असोज २०६६ ।

[४४] The Himalayan Times. 2009. Lawmakers against judiciary revamp. 14 September, p. 1.

[४५] साह, प्रभु । २०६६ । नयाँ नेपालको न्याय प्रणाली । गोरखापत्र । २२ असोज, पृ. ६ ।

[४६] १३ मध्ये तीन – सेती-महाकाली, भेरी-कर्णाली, र मधेस – को आधार भूगोल हो । बाँकी १० जातिगत प्रदेश हुन्: थारूवान, मगरात, तमुवान, ताम्सालिङ, नेवा, किराँत, लिम्बुवान, कोचिला, शेर्पा, र भोटे-लामा । संविधान सभाको चुनावी घोषणापत्रमा तत्कालीन नेकपा-माओवादीले ११ प्रदेश प्रस्ताव गरेको थियो । सबै प्रमुख पार्टीहरूमा प्रदेश विभाजनमा विवाद छ; सुदुरपश्चिमका माओवादीहरूले एनेकपा-माओवादीको कैलाली र कञ्चनपुरलाई थारूवानमा समावेश गर्ने निर्णयको विरोध गरेका छन् । बुढाऐर, मोहन । २०६६ । सङ्घीय विभाजनबारे माओवादीभित्र विवाद । कान्तिपुर । १८ असोज, पृ. ५ ।

[४७] एमालेले प्रस्ताव गरेका प्रदेशहरू निम्न छन्: लिम्बुवान, किराँत, विराट, मिथिला, भोजपुरा, सुनकोशी, ताम्सालिङ, नेवा, तमुवान, मगरात, गण्डकी, लुम्बिनी, थारूहट, खप्तड, र कर्णाली । खनाल, दुर्गा । २०६६ । एमालेका १५ प्रदेश । कान्तिपुर । ३१ भदौ, पृ. १ ।

[४८] झा, नवीन । २०६६ । मधेसवादी दल उपराज्यप्रति सकारात्मक । कान्तिपुर । ४ असोज, पृ. २ ।

[४९] वाक् तथा प्रकाशन स्वतन्त्रतासम्बन्धी प्रारम्भिक मस्यौदाप्रति पत्रकारहरूले असन्तुष्टि जनाएका छन्; त्यसलाई मौलिक अधिकारअन्तर्गत असंशोधनीय र अहरणीय विषयका रूपमा राखिनु पर्छ भन्ने उनीहरूको माग छ । गोरखापत्र । २०६६ । प्रारम्भिक मस्यौदाप्रति पत्रकारहरूको असहमति । १२ साउन, पृ. ४ । The Kathmandu Post. 2009. Revise draft on basic rights, experts tell CA. 9 September, p. 1.

[५०] खनाल, दुर्गा । २०६६ । हदबन्दीभन्दा बढी जमिन स्वतः अधिग्रहण । कान्तिपुर । ३ असोज, पृ. ३ ।

[५१] The Himalayan Times. 2009. Property ceiling clause comes under fire. 21 September, p. 3.

[५२] झा, नवीन । २०६६ । हदवन्दीविरुद्ध मधेसवादी दल । कान्तिपुर । ६ असोज, पृ. २ ।

मूल्य अभिवृद्धि कर, आदि लगाउने अधिकार केन्द्रीय सरकारमा निहित हुने निर्णय गरेको छ ।[५३]

प्रक्रियागत कुरा गर्दा सार्वजनिक अभिमत सङ्कलन र समन्वय समितिले २ साउन २०६६ मा संविधान सभाका प्रमुखसामु मस्यौदा कार्य-योजना बनाएर पेश गरेको छ ।[५४] सो योजनामा प्रत्येक घरधुरीलाई प्रस्तावित संविधानको एकेक प्रति दिइने प्रस्ताव गरिएको छ । त्यस्तै, सभासदहरूको ७५ समूह निर्माण गर्ने र प्रत्येक सभासद एक जिल्लामा जाने (पहिलेको अभिमत सङ्कलन कार्यमा दुई जिल्लामा पुग्ने व्यवस्था थियो) र त्यहाँ २५-३० दिन बिताउने कार्यक्रम राखिएको छ । त्यसभन्दा १५ दिनअघि नै प्रश्नावलीहरू घरघरमा वितरण गर्ने र यस कार्यमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठित सर्वदलीय समितिले सघाउने योजना बनाइएको छ । तर, सबै घरमा प्रस्तावित संविधानको मस्यौदा पुगे-नपुगेको जाँच्ने कुनै संरचनाको व्यवस्था गरेको पाइन्न । सो समितिमा कार्यरत एक कर्मचारीले एक महिनाभित्र प्रश्नावली भरेर बुझाउन "अलि कठिन" हुने बताए । त्यसमाथि यो प्रस्तावित कार्ययोजना छलफलमा आउनै बाँकी छ, त्यसलाई संविधान सभाले स्वीकृति दिनु त परको कुरा भयो ।

## निष्कर्ष

एनेकपा-माओवादीले संविधानलाई उत्तर कोरिया, चीन, क्युबा जस्ता कम्युनिष्ट मुलुकको ढाँचामा ढाल्न खोज्दैछ भन्ने डर व्यापक पाइन्छ ।[५५] संविधान सभामा सो दलले पेश गरेका कतिपय सुझावका अतिरिक्त यसका नेताहरूको सार्वजनिक अभिव्यक्तिले पनि त्यस्तो भयलाई पुट दिइरहेका छन्: भदौको अन्तिममा उपाध्यक्ष नारायणकाजी श्रेष्ठले आफ्नो दलले संसदीय व्यवस्थालाई स्वीकार नगरेको दोहोऱ्याए[५६] भने वरिष्ठ उपाध्यक्ष मोहन वैद्य 'किरणले' "संसदीय व्यवस्था गफ गर्ने थलो हो... हामी त्यस्तो व्यवस्था मान्दैनौं... संविधानमार्फत नै जनताको सङ्घीय गणतन्त्र स्थापना गर्छौं" भने ।[५७] यिनै सवालमा धेरैको ध्यान केन्द्रित हुनाले दुई महत्त्वपूर्ण मुद्दाहरू ओझेलमा परेका छन् ।

पहिलो त नयाँ नेपाल निर्माणका लागि राज्यका सबै संरचना र कानुन-नियमहरूमा व्यापक रूपमा बहस-छलफल गरिनुपर्छ । पुराना संरचनाहरूले राम्ररी काम गरेका छैनन् भन्ने सही हो, तर तिनले किन र कसरी अपेक्षित काम गर्न सकेनन् भन्ने कुराको गहिरिएर अध्ययन गरेपछि मात्र के के परिवर्तन जरुरी छ भन्ने कुराको निर्क्योल गर्न सकिन्छ । उदाहरणका लागि, माथि प्रस्ताव गरिएको न्यायपालिकासम्बन्धी विवादित व्यवस्थालाई लिन सकिन्छ । न्याय परिषदले अहिलेसम्म गरेका निर्णयमा औंलो उठाउन सकिने, ती कहिल्यै पारदर्शी नहुने, र नियुक्तिहरू सदैव राजनीतिक हुने गरेको जस्ता आरोप निराधार होइनन् ।[५८] त्यस्तै, प्राध्यापक कृष्ण खनालले भनेझैं, मधेसी दलहरूले माओवादी प्रस्तावमा सम्मति देखाउनुलाई न्यायपालिकाको कार्यप्रणालीप्रतिको असन्तुष्टिका रूपमा बुझ्नुपर्छ ।[५९] उपराष्ट्रपति परमानन्द झाले हिन्दी भाषामा लिएको शपथ प्रकरणमा न्यायालयले दिएको फैसलाका साथै यसअघिका पनि विवादास्पद फैसलाका कारण उसको भूमिकाप्रति यस्तो असन्तोष बढेको हो । तसर्थ, नियुक्तिका आधारलाई बलियो बनाउनेतर्फ ध्यान जानु उत्तिकै जरुरी छ ।

त्यसैगरी, राष्ट्रपतिको भूमिकाबारे पनि थप बहस हुन आवश्यक छ । उन्मूलन गरिएको राजतन्त्र अथवा राजाको भूमिकामा राष्ट्रपतिलाई अन्तरिम संविधान, २०६३ मा स्थापित गरेको देखिन्छ । सर्वोच्च न्यायालयको आदेश राष्ट्रपतिले मान्नु पर्ने हो या राष्ट्र-प्रमुखको रूपमा केही उन्मुक्ति पनि पाउने हो भन्ने तय गर्न (उपराष्ट्रपतिको शपथ विवादले उब्जाएको मुद्दा) का साथसाथै राष्ट्रपतिको भूमिकाको स्पष्ट परिभाषा गर्न र केही अङ्कुश लगाउन आवश्यक देखिन्छ । अन्तरिम संविधान, २०६३ मा व्यवस्था गरिएको संविधान सभाको समयावधि बढाउनेसम्बन्धी धाराको अस्पष्टताको कारणले गर्दा पनि यो जरुरी छ । संविधान सभाको समयावधि छ महिना बढाउनुअघि औपचारिक रूपमा सङ्कटकालीन अवस्थाको घोषणा गर्नुपर्ने हो कि सामान्य अवस्थामा पनि बढाउन सकिन्छ भन्नेबारे अन्तरिम संविधान, २०६३ मा अस्पष्टता छ ।[६०] साथै, त्यसमा राष्ट्रपतिको भूमिका के रहने भन्ने पनि अन्योल छ । त्यस्तो

---

[५३] ढुङ्गेल, माधव । २०६६ । स्रोत र राजस्व बाँडफाँड 'स्वायत्त प्रदेशविपरीत' । नागरिक । ३१ भदौ, पृ. २ ।

[५४] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; २८ भदौ २०६६ । यो अनुच्छेद मार्टिन चौतारीले जनमत सङ्कलन तथा समन्वय समितिसम्बद्ध कर्मचारीहरूसँग गरेको अन्तर्वार्तामा आधारित छ ।

[५५] उदाहरणका लागि हेर्नुहोस्, सिम्खडा, ध्रुव । २०६६ । भिन्न मतको चाङ । हिमाल खबरपत्रिका । १ भदौ, पृ. २९-३२ ।

[५६] कान्तिपुर । २०६६ । संकल्प प्रस्तावको विकल्पमा तयार छौं: भट्टराई । २६ भदौ, पृ. १६ ।

[५७] The Himalayan Times. 2009. Parliamentary system not acceptable to UCPN-M: Kiran. 13 September, p. 2.

[५८] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; २६ भदौ २०६६ ।

[५९] खनाल, कृष्ण । २०६६ । फैसलाले उठाएका प्रश्न । नागरिक । १४ भदौ, पृ. ६ । खनाल लेख्छन्: "संविधानकै कुरा गर्ने हो भने पनि राष्ट्रपति, उपराष्ट्रपतिले नेपाली भाषामा शपथ लिनुपर्छ भनेर कतै उल्लेख भएको छैन । नेपाल सरकारको कामकाजको भाषा भएका हुनाले र अनुसूचीमा दिइएको शपथको ढाँचा नेपाली भाषामा भएका कारणले शपथको भाषा पनि नेपाली हुनुपर्छ भनेर बुझ्न सकिन्छ ।" तर उपराष्ट्रपति झाले आफ्नो हस्ताक्षरसहित शपथको लिखित पाठ नेपाली भाषामा दिएको छु भनी सकेपछि सर्वोच्चले त्यसैलाई आधिकारिक मानेर यो विवाद सुल्ट्याउन सक्ने विकल्प किन विचार गरेन भन्ने उनी प्रश्न गर्छन् ।

[६०] Jha, Prashant. 2009. Constitutional May day. Nepali Times. 18 September, p. 2.

घोषणा गर्न एकातर्फ चरम राजनीतिक गतिरोधको स्थिति उत्पन्न हुनु जरुरी छ भने अर्कोतर्फ राजनीतिक स्थिरता निम्त्याउने निहुँमा राष्ट्रपतिलाई गैरसंवैधानिक कदम लिन उक्साउने शक्तिहरूको बाक्लो उपस्थितिले गर्दा राष्ट्रपतिको भूमिकाबारे प्रस्टता अत्यावश्यक छ ।

कार्यान्वयन योजनाको अभाव ओझेलमा परेको अर्को महत्त्वपूर्ण विषय हो । उदाहरणका लागि, यदि संविधान निर्माण गर्ने १४ जेठ २०६७ को समयसीमा कायमै हुने हो भने संविधान कार्यान्वयन भएर प्रभावी हुँदा के हुन्छ भन्ने कुनै प्रस्टता छैन । अन्तरिम संरचनाहरूको निर्माणको योजना बनेकै छैन र सो नबन्दा शासन-व्यवस्थामा आउने खाडलले गर्दा भयानक शून्यताको अवस्था सृजना हुने देखिन्छ । उच्चस्तरीय राज्य पुन:संरचना आयोगले यतातर्फ काम गर्न सक्थ्यो, तर आयोग एक त अपूर्ण छ, अर्को यसको भूमिका के हो भन्ने व्याख्या नै भएको छैन । आयोग अध्यक्ष स्वयंले राज्य पुन:संरचना र राज्यशक्ति बाँडफाँड समिति कार्यरत रहेको अवस्थामा आयोग "असान्दर्भिक" भएको बताएका छन् ।[६१] यसबाहेक, असीमित र अस्वाभाविक वाचा (आकाङ्क्षा पनि) अहिले सामान्य जस्तै भएका छन् । उदाहरणका लागि, न्याय प्रणालीसम्बन्धी समितिले तयार गरेको मस्यौदामा नयाँ संविधान निर्माण भई लागू भएको तीन महिनाभित्र सबै तहका न्यायाधीशहरूको पुन:नियुक्ति हुनेछ भन्ने उल्लेख छ, जुन व्यवहारिक देखिन्न ।

संविधान सभा भित्र र बाहिर चलिरहेका बहसमा छुटेको अर्को पक्ष भनेको नयाँ संविधान कार्यान्वयन गर्न चाहिने समयावधि र संरचनाबारेको बहस हो । अन्य मुलुकका अनुभवको उदाहरण दिँदै संवैधानिक मामिलाका विज्ञ यश घईले चरणबद्ध रूपमा शक्ति हस्तान्तरणको सुझाव दिएका छन् (सम्भवत: १० वर्षे योजना) जसअन्तर्गत उनीहरूको क्षमताअनुसार प्रादेशिक एकाईहरूलाई क्रमश: शक्ति हस्तान्तरण गरिन्छ । घईले सङ्घीय अवयव (कम्पोनेन्ट) हरूको कार्यान्वयनमा सघाउनका लागि एउटा विज्ञ समूह गठनको पनि सुझाव दिएका छन् जसले भैरहेका र नयाँ सरकारका विभिन्न विभागहरूसित समन्वय गरिकन क्षमता अभिवृद्धि गर्ने, आवश्यक नियम-कानुनको तर्जुमा गर्ने र नयाँ वित्तीय संरचना तयार गर्नेछ ।[६२]

समग्रमा, संविधान सभा योजनाअनुरूप हिँडेको त छैन नै, गहन बहस, प्रस्तुति, बहुदलीय सल्लाह-समन्वयको संस्कृति, बहिष्करणमा परेका समुदायबारे वृहत् र खुला छलफल हुन सकेको छैन । दलीय नियन्त्रणको सवालबाहेक सभासदहरूकै क्षमतामा पनि कतिपयले प्रश्न उठाएका छन्;[६३] एक सभासदले त आफू के गर्दैछु भन्ने आफैँलाई थाहा नभएको बताए ।[६४] संविधान सभा सचिवालयसम्बद्ध कर्मचारीले धेरै सभासद संविधानसम्बद्ध मुद्दाहरूबारे राम्रो जानकार नभएका र उनीहरूको क्षमता अभिवृद्धि र स्रोत व्यवस्थापन समितिका तालिम त्यति प्रभावकारी नभएको टिप्पणी गर्दै भने: कम्तिमा आफूसम्बद्ध समितिको कार्यक्षेत्र र विषयबारे त सभासदले जानकारी राख्नु पर्ने हो ।[६५] यदि विज्ञहरूको समूह निर्माण गरिएको भए अलमलमा परेका सचिवालय सदस्यहरूको अन्योल हटाउन सहयोग पुग्थ्यो भन्ने तर्क सचिवालयका कर्मचारीहरू गर्छन् ।[६६] वास्तवमै उनीहरू भविष्यमा के काम कसरी गर्ने भन्नेबारे प्रस्ट छैनन् र त्यसैले पनि भएका प्राय: काममा तदर्थवाद हावी देखिन्छ । अन्य देशका उदाहरण केलाउँदा संविधान लेखन प्रक्रियामा सघाउन विज्ञहरूको एउटा स्थायी समिति निर्माण गरेको देखिन्छ, तर नेपालले भने त्यस्तो गर्न चाहेन । यदि त्यसो हुँदो हो त त्यस्तो समितिलाई पुरानो संविधानका कमी-कमजोरी जानकारी हुन्थ्यो अनि संविधान सभाले अघि सारेका नयाँ संविधानका विभिन्न धारा, दफाहरूले पार्ने प्रभावको राम्ररी विश्लेषणसमेत गरी लेखन प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन त्यसले मद्दत पुऱ्याउने थियो ।

[६१] नागरिक । २०६६ । राज्य पुन:संरचना आयोग 'असान्दर्भिक' । २१ साउन, पृ. २ ।

[६२] Ghai, Yash and Jill Cottrell, eds. 2008. Federalism and State Restructuring in Nepal: The Challenge for the Constitutent Assembly. Report of a conference organized by the Constitutional Advisory Support Unit, UNDP. Kathmandu: UNDP, p. 54.

[६३] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू; २१ असार र ४ साउन २०६६ ।

[६४] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; २३ असार २०६६ ।

[६५] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता; २६ असार २०६६ ।

[६६] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू; २६ असार २०६६ ।